**२०७८ साल पुष ०७ गते बुधवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. लुम्बिनी प्रदेश वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७८ स्वीकृत गर्ने,

२. प्रदेश लोक सेवा आयोग र प्रदेश पूर्वाधार विकास प्राधिकरणको अस्थायी संगठन संरचना र दरबन्दी स्वीकृति प्रदान गर्ने,

३. प्रदेशको राजधानी व्यवस्थापनका लागि नेपाल सरकारसँग ३ (तीन) अर्व बजेट माग गर्ने,

४. प्रदेश प्रशिक्षण प्रतिष्ठान (स्थापना तथा कार्यञ्चालन) आदेश, २०७८ संशोधन गर्ने,

५. लुम्बिनी प्रदेशबाट इजाजत प्राप्त टेलिभिजन र एफ.एम. रेडियोहरुको लागि आ.व.२०७८/७९ को इजाजत पत्र नविकरण दस्तुर छुट दिने,

६. पाल्पा दरबार संग्रहालयको प्रवेश शुल्क परिमार्जन गरी स्वीकृत गर्ने,

७. आ.व.२०७८/७९ असार मसान्त सम्म कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय अन्तर्गत रहेका अस्थायी कार्यालयको अस्थायी दरबन्दी स्वीकृत गर्ने,

८. लुम्बिनी प्रदेश सरकारको राजधानी व्यवस्थापनका लागि नेपाल सरकार समक्ष जग्गा माग गर्ने,

९. आ.व.२०७८/७९ को असार मसान्त सम्म भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका कार्यालयहरुको अस्थायी संगठन संरचना एवम् दरबन्दी स्वीकृत गर्ने,

१०. आ.व.२०७८/७९ को २०७९ असार मसान्तसम्म शिक्षा,विज्ञान,युवा तथा खेलकुद मन्त्रालय अन्तर्गतका कार्यालयहरुको अस्थायी संगठन संरचना एवम् दरबन्दी स्वीकृत गर्ने,

११. राप्ती प्राविधिक शिक्षालय, दाङलाई सरस्वती मा.वि. गढवा-०३ दाङको जग्गा हस्तान्तरण गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने,

१२. कपिलवस्तु र नवलपरासी (ब.सु.प.) जिल्लामा यातायात व्यवस्था सेवा कार्यालय स्थापना गर्ने,

१३. आ.व.२०७८/७९ असार मसान्त सम्म यातायात व्यवस्था कार्यालय तथा यातायात व्यवस्था सेवा कार्यालयहरुको अस्थायी दरबन्दी स्वीकृत गर्ने,

१४. " प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा निर्देशिका, २०७८ " स्वीकृत गर्ने,

१५. प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति (दोस्रो संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने,

१६. भालुवाङ स्वास्थ्य चौकीलाई ५० शैयामा स्तरोन्नति गरी प्रदेश सरकार मातहत सञ्चालनमा ल्याउन नेपाल सरकार मन्त्रिपरिषद् समक्ष सिफारिस गर्ने,

१७. लुम्बिनी प्रदेश, प्रदेश सभा भवन निर्माणका सम्बन्धमा Variation Order सम्बन्धमा देहाय बमोजिम विशेषज्ञ समिति गठन गर्ने,

**देहायः-**

संयोजकः- श्री गोविन्द गौतम, सि.डि.ई. (सहरी विकास तथा भवन कार्यालय, रुपन्देही),

सदस्यः- श्री वासुदेव भण्डारी, ईन्जिनियर (यातायात पूर्वाधार निर्देशनालय, मणिग्राम),

सदस्यः- श्री रविन्द्र अर्याल, लेखा नियन्त्रक (प्रदेश लेखा नियन्त्रक कार्यालय, बुटवल)